Regd No.: 841/2009, SWC No.: 27218, PAN No.: 303752910

# Unification Nepal (UN), Gorkha

सूचना प्रकाशित मिति :२०७६ चैत्र १ गते

## कर्मचारी आवश्यकता सम्बन्धी सूचना

एकिकरण नेपाल गोरखा युवाहरुले नेतृत्व गरेको सामाजिक संस्था हो । विगत ११ वर्ष देखि यस संस्थाले गोरखा जिल्लामा खानेपानी, सरसफाई तथा स्वच्छता, कृषि तथा जिविकोपार्जन, आवास, प्रकोप व्यवस्थापन, शिक्षा, स्वास्थ्य तथा सामाजिक जवाफदेहिताको क्षेत्रमा काम गरिरहेको छ । हाल यस संस्थाले रुम टु रीड र पढ्नको लागि कोठाको आर्थिक तथा प्राविधिक सहयोगमा गोरखाको विभिन्न पाच स्थानीयतहहरु (गोरखा, पालुङ्टार, भिमसेन थापा, शहिद लखन, सिरानचोक, बारपाक सुलिकोट) का सामुदायिक विद्यालयमा प्रारम्भिक कक्षाका बालबालिकाहरुमा पढ्ने सीप तथा पढ्ने बानीको विकास गर्ने उद्देश्य अनुसार साक्षरता कार्यक्रम संचालन गर्न लागेको छ । उक्त कार्यक्रम संचालकनको लागि देहाए अनुसारका जनशक्ति आवश्यक भएकोले वान्छनीय योग्यता पुगेका इच्छुक नेपाली नागरिकबाट रितपूर्वक दरखास्त आव्हान गरिएको छ ।

**पदःकार्यक्रम संयोजक**

आवश्यक संख्या : १ जना

सम्पादन गर्नु पर्ने मुख्य कार्यहरू

- रुम टु रिड तथा एकिकरण नेपालको नीति, निर्देशिका अनुसार साक्षरता सम्वन्धि कार्यक्रमहरु प्रभावकारी रुपमा संचालन तथा व्यवस्थापन गर्ने,
- साक्षरता सहजकर्ताहरुको क्षमता अभिवृद्धि गर्ने, उनीहरुलाई पेशागत सहयोग तथा निरिक्षण गर्ने,
- साक्षरता कार्यक्रम संचालनको क्रममा गरिने आवधिक विद्यार्थी मूल्याकनमा सहयोग गर्ने ।
- क्रयाकलापहरुको विस्तृत कार्य योजना र बजेट निर्माण गरी कार्यान्वयन गर्न सक्ने ।
- रुम टु रिड र साझेदार संस्था, स्थानीय लगायत सरोकारवालाहरु बीच समन्वय गर्ने ।
- साक्षरता कार्यक्रमको अनुगमन, तथा आवधिक प्रतिवेदन तयार गरी पेश गर्ने ।
- साक्षरता सहजकर्ताहरुको कामको अनुगमन गरी अभिलेख राख्ने ।
- ८० प्रतिशत फिल्ड भ्रमण तथा आवश्यकतानुसार संस्थाले दिएको अन्य कार्य गर्ने ।

**आवश्यक वान्छनीय योग्यता**

मान्यता प्राप्त विश्वविद्यालयबाट शिक्षा, व्यवस्थापन वा समाजशास्त्र विषयमा कम्तिमा स्नातकतहको उपाधि हाँसिल गरेको, सम्वन्धित क्षेत्रमा (शिक्षण, तालिम संचालन, संयोजन, परियोजना व्यवस्थापनमा) कम्तिमा तीनवर्षको कार्य अनुभव भएको, कम्प्युटरमा दक्षतापूर्वक अफिस प्याकेज चलाउन सक्ने तथा माथि उल्लेखित जिम्मेवारी पुरा गर्न सक्ने व्यक्ति । मोटरसाईकल चलाउन सक्ने व्यक्तिलाई प्राथमिकता दिइने छ ।

**पद : साक्षरता सहजकर्ता**

आवश्यक संख्या : १२ जना

साक्षरता सहजकर्ताले सम्पादन गर्नु पर्ने मुख्यकार्यहरू

- सामुदायिक विद्यालयको कक्षा १ र २ मा नेपाली भाषा विषय अध्यापनरत शिक्षकलाई कक्षा कोठामा नै निर्दिष्ट विधिबाट शिक्षण गर्न सहयोग गरी बालबालिकाको पठन तथा लेखन सीपअभिवृद्धि गर्न सहयोग पुऱ्याउने ।
- विद्यालयमा स्थापना गरिएका पुस्तकालय संचालन र व्यवस्थापन गर्न तोकिएका शिक्षकलाई पेशागत सहयोग गर्ने ।

Regd No.: 841/2009, SWC No.: 27218, PAN No.: 303752910

# Unification Nepal (UN), Gorkha

एकिकरण नेपाल
गोरखा
UN Nepal

- पुस्तकालयमा उपलब्ध सामग्रीमा कक्षा १ - ५ का वालवालिकाको पहुच र उपयोग बढाई उनीहरुमा पढ्ने वानीको विकास गर्न मद्दत गर्ने ।
- कक्षा १- ५ को वालवालिकामा पठन सीप प्रवर्द्धन गर्न पढ्ने वानीको विकास गरी उनीहरुलाई जीवनभरका लागि स्वतन्त्र पाठक वनाउन सघाउने ।
- पढ्नको लागि कोठा तथाएकिकरण नेपालवाट विद्यालयका लागि प्रदान गरिने समाग्रीहरु विद्यालयसम्म पुर्‍याउन सहयोग गर्ने ।
- आवश्यक सूचना तथा तथ्याङ्क सकलन गर्ने र निर्दिष्ट स्थानमा सप्रेषण गर्ने ।
- सहजीकरणको सीप भएको र वालअधिकारको सम्मानगर्ने ।
- तोकिएको कार्यक्रम क्षेत्रमा वसोवास गरी कार्य गर्न समेत तत्पर रहेको, विद्यालयको निरन्तर अनुगमनगर्न सक्ने व्यक्ति ।
- शिक्षकहरुका लागि साक्षरता कार्यक्रम सम्वन्धि तालिम तथा कार्यशालाहरु सचालन गर्न सक्ने ।

**आवश्यक वान्छनीय योग्यता:**

मान्यताप्राप्त विश्वविद्यालयबाट शिक्षाशास्त्र संकायवाट स्नातक **(नेपाली वा अङ्ग्रेजीमा)** उपाधि हासिल गरेको । शिक्षा क्षेत्रमा कम्तिमा दुई वर्षको कार्य अनुभव भएको । ९० प्रतिशत समय तोकिएको स्थानीय तहका विद्यालयहरुमा गई अनुगमन र सहयोग गर्न सक्ने, कम्प्युटरमा अफिस प्याकेज चलाउन सक्ने तथा माथि उल्लेखित जिम्मेवारी पुरा गर्न सक्ने व्यक्ति ।

**दरखास्त दिने प्रक्रिया**

माग गरिएको पदसंग योग्यता तथा अनुभव मेल हुने कागजात सलग्न गरी, अद्यावधिक गरिएको व्यक्तिगत विवरण (CV), शैक्षिक योग्यता तथा कार्य अनुभव, प्रमाणपत्रको प्रतिलिपीहरू संलग्न गरी एकिकरण नेपाल गोरखाको मुख्य कार्यालय, गोरखा नगरपालिका ११, सोह्रकिलो (दुधडेरीवाट ३०० मिटर तल) ठेगानामा पठाउनु पर्नेछ । दरखास्त पेश गर्ने अन्तिम मिति :२०७६।१२।०९गते (तदनुसार २२ मार्च सन २०२०) कार्यालय समय भित्र रहेको छ । कार्यक्रम सचालन भाग्ने नगर गाउपालिकाभित्रको स्थानीय वासिन्दाहरुलाई प्राथमिकता दिइने छ । छोटो सूचीमा परेका व्यक्तिहरुलाई मात्र लिखित समूह छलफल र अन्तरवार्तामा सामेल गरिनेछ । अनावश्यक मनसुन वा प्रभावित गर्ने कोशिस गरेमा दरखास्त रद्द गरिने छ ।

**एकिकरण नेपाल**
गोरखा नगरपालिका वडा नं ११, सोह्रकिलो, गोरखा (दुधडेरीवाट ३०० मिटर तल)
फोन नं : ९८५६०७०१४१